# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी, कैलाली
## सुदूर पश्चिम प्रदेश, नेपाल

प.स./रा.०८०।०८१
च.नं.

**घुम्ती शौचालय (३ थान) ठेक्का दिने सम्बन्धि १५ दिने सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०।१०।१७**

यस धनगढी उप-महानगरपालिकामा रहेका ३ वटा घुम्ती शौचालयलाई कार्यालयले तोकेको तीन स्थानमा राखी आ.व. २०८०।२०८१ देखि लागु हुने गरी सेवा प्रदान गरे वापत प्रति ब्यक्ति पिसाव गरेको रू. ५।०० र शौच (दिशा) गरेको रू. १०।०० का दरले शुल्क उठाउन पाउने गरी (५) बर्षका लागि प्रत्येक वर्ष बृद्धि हुने रकममा नै १० प्रतिशतले बृद्धी हुने गरी शिलबन्दी दरभाउ पत्रको मध्यमबाट बढाबढ प्रक्रिया द्वारा ठेक्कामा लगाउने निर्णय भएको हुंदा ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि तपशिलमा उल्लेखित शर्तको अधिनमा रहने गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१। घुम्ती शौचालयल ३ थानको वार्षिक बढाबढ न्यूनतम अंक रू. १,००,०००।- ( अक्षरूपी एक लाख मात्र) कायम गरिएको छ ।

२। ठेक्का प्रकृयामा समावेश हुनका लागि फर्म वा कम्पनीहरूको प्रमाण पत्र नविकरण, PAN/ VAT दर्ता प्रमाणपत्र, स्थानीय तहमा दर्ता प्रमाण पत्र, धनगढी उप-महानगरपालिकामा सूचिकृत भएको प्रमाण र आ.व. २०७९।०८० को कर चुक्ता पमाण पत्र पेश गर्नु पर्नेछ ।

३। घुम्ती शौचालयलाई आवस्यक पर्ने पानी, बिजुली, सरसफाई, ढुवानी सवारी साधन,मर्मत सम्भार र अन्य आवश्यक सामग्रीको ब्यवस्था ठेक्का प्राप्त गर्ने फर्म वा कम्पनी स्वयमले ब्यवस्थापन गर्नु पर्नेछ ।

४। शौचालयबाट निस्केको फोहर र अन्य फोहर वातावरण खानेपानी तथा सरसफाई शाखाको समन्वयमा ब्यवस्थापन गर्नु पर्नेछ ।

५। बिशेष कार्यक्रम(मेला,आमसभा,महोत्सव लगायत अन्य)सञ्चालन भएका वखत घुम्ती शौचालयलाई कार्यालयको अनुमति लिएर उक्त कार्यक्रममा तोकिएको शुल्क लिई सेवा प्रदान गर्न सकिने छ ।

६। दरभाउ पत्र फाराम सूचना प्रकाशित मितिबाट १५ दिन भित्र कार्यालय समयमा रू.१०००।-(एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस धनगढी उप-महानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।

७। सूचना प्रकाशित मितिबाट १६ औं दिन दिनको दिउंसो १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स./रा.०८०।०८१
च.नं.

सोहि दिन दिउंसो २.०० बजे सम्बन्धित फर्म वा कम्पनीहरूले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर सम्बन्धित फर्म वा कम्पनीहरू वा निजले तोकेका प्रतिनिधहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

८। दरभाउ पत्रमा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ । केरमेट गरिएको रकम मान्य हुने छैन । केरमट गरिएको भए अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ ।

९। यदि दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन उक्त कार्यको कार्य गरिनेछ ।

१०। कुनै पनि फर्म वा कम्पनीहरूको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

११।दरभाउ पत्र साथ जमानत वाफतको रकम आफूले कवोल गरेको रकम बराबरको दुई वर्षको रकमको ५ प्रतिशतले हुन आउने रकम यस धनगढी उप-महानगरपालिका कार्यालयको रा.बा.बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००३०३००००००२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट धनगढी उप-महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

१२सम्झौता अवधि ५ वर्षको हुनेछ साथै प्रत्येक वर्षमा सम्झौता नविकरण गर्नु पर्नेछ ।

१३।यस सूचनामा उल्लेख नभएका कुरा कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ । साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

१४। यो सूचना धनगढी उप-महानगरपालिकाको वेव साईट www.dhangadhimun.gov.np बाट पनि हेर्न सकिनेछ ।

१५। थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

२०८०।१०।१६

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत